नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री हिरालाल रेग्मीज्युले गरेको फैसला

मुद्दा-:सवारी क्षतिपुर्ति।

मि.नं.-२७६, दायर मिति-:२०७९-०९-१४

फैसला मिति-२०८०-०४-२९

वादी

राम अयोध्या प्रसाद यादव जाहेरीले वादी नेपाल सरकार.......................................१

प्रतिवादी

जिल्ला बारा बिश्रामपुर गा.पा.वडा नं.०१ कल्याणपुर टोल बस्ने बर्ष २५ को सुकराम प्रसाद चौरसिया समेत २------------------------------------------------------------१

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एव ठहर यस प्रकार छः-

## तथ्य-खण्ड

१.प्रतिवादीले BR-05-AT 5152 नम्बरको भारतिय मोटरसाईकलले हाम्रो मोटरसाईकललाई ठक्कर दिंदा आमा बिच सडक बाटोमा लगेको र उहाँको टाउँको फुटी रक्तामय भई सोही सडक बाटोमा अचेत अवस्थामा पुगेको भन्ने राम अयोध्या प्रसाद यादवको जाहेरीको जाहेरी दरखास्त।

२. प्रतिवादीले BR-05-AT 5152 नम्बरको भारतिय मोटरसाईकलले हाम्रो मोटरसाईकललाई ठक्कर दिंदा आमा बिच सडक बाटोमा लगेको र उहाँको टाउँको फुटी रक्तामय भई सोही सडक बाटोमा अचेत अवस्थामा पुगेको भनी प्रतिवादीहरुले गरेको बयान कागज।

३. BR-05-AT 5152 नम्बरको भारतिय मोटरसाईकलले हाम्रो मोटरसाईकललाई ठक्कर दिंदा जाहेरवालाको आमा बिच सडक बाटोमा लगेको र उहाँको टाउँको फुटी रक्तामय भई सोही सडक बाटोमा अचेत अवस्थामा पुगेकोले कडा कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका अशोक कुमार माली समेतको घटनाविवरण कागज।

४.म्याद तामेली गर्न जिल्ला प्रहरी कार्यालयलाई लेखिएको पत्र।

५.प्रतिवादीहरुले मिलापत्र गरेको र उपचार खर्च बादीले बुझेको भरपाई कागज।

६.प्रतिवादीहरुले हाजिर गरी बयान गरी पाउँ भनी दिएको निवेदन

## ठहर-खण्ड

यसमा मिति २०७९।०८।१७ गते जिल्ला पर्सा बी.म.न.पा. वडा नं.२४ स्थित सडकमा प्रतिवादी सुकराम प्रसाद चौरसियाले चलाएको BR-05-AT 5152 नम्बरको मोटरसाईकलले अयोध्या प्रसाद यादवले चलाएको प्रदेश २-०३-००१ प ७९०४ बन्नको मोटरसाईकललाई ठक्कर दिदाँ उक्त मोटरसाईकलमा सवार कुवरी देवी अहिरीनको टाउँको तथा शरीरमा चोट लागी घाइते कुवरी देवी अहिरीनको टाउको फुटी रक्तामय भईएकोलेस्थानिय मानिसहरुको सहयोगमा म जाहेरवालाले तराई अस्पतालमा उपचार गराउन ल्याएकोमा त्यहाँ अपरेशन गर्न सम्भन नरहेकोले मिति २०८९।०८।१८ गते काठमाण्डौ अन्नपुर्ण न्युरो अस्पतालमा रेफर गरि दिएकोले उपचार गराँदा आमाको टाउँकोको अपरेशन भई आमाको दिमाग काम नलाग्ने अवस्था भई अंगभंग भएकोले कारवाही गरी पाउँ भन्ने राम अयोध्या प्रसाद यादवको जाहेरी दरखास्त रहेको, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादी गरेको बयान समेतको आधारमा यी प्रतिवादीले सवारी तथा यातायात व्यवस्था ऐन २०४९ को दफा १६३(१) को (ख) तथा सवारी तथा यातायात व्यवस्था नियमावली २०५४ को नियम ५५ को ४(क) बमोजिम प्रतिवादी सुकराम प्रसाद चौरसिया र प्रतिवादी पुनदेव भगत बाट उपचार खर्च रकम जम्मा रु १२,८६,६४१।- घाईते नजिकको हकदारलाई भरी भराई दिनु पर्ने देखिएकोमा बादीले उपचारखर्च पाईसकेको भनी भरपाई पेश भएबाट यस मुद्दामा केही गरी रहनु परेन। अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

## तपसिल खण्ड

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम सवारी तथा यातायात व्यवस्था ऐन २०४९ को दफा १६३(१) को (ख) तथा सवारी तथा यातायात व्यवस्था नियमावली २०५४ को नियम ५५ को ४(क) बमोजिम प्रतिवादीहरु सुकराम प्रसाद चौरसिया र पुनदेव भगतले बुझाउनु पर्ने उपचार खर्च रकम जम्मा रु १२,८६,६४१।- (अक्षरेपी रु. बाह्र लाख छयासी हजार छ सय एकचालिस) बादीले बुझिसकेको हुनाले यसमा केही गरी रहनु परेन।------------------------------------------------------------------------------------------------१

२.प्रस्तुत फैसलामा चित नबुझे३५ दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्याद दिनु-१

३.फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु-------------------------------------------------------------१

४.प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु।-------------------१

हिरालाल रेग्मी

प्रमुख जिल्ला अधिकारी

ईति सम्बत २०८० साल असार महिना २९ गते रोज २ शुभम् .........................